# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) विराटनगर, नेपाल, भाद्र २३ गते, २०७८ साल (अतिरिक्ताङ्क ११

## भाग २

प्रदेश सरकार

प्रदेश नं. १, विराटनगर, नेपाल

### आर्थिक मामिला तथा योजना मन्त्रालयको सूचना

### खाजा खर्च सम्बन्धी कार्यविधि, २०७८

प्रदेश सरकारद्वारा प्रस्तुत गरिएको आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्यमा उल्लेख भए बमोजिम प्रदेश सरकार अन्तर्गतका निकायमा कार्यरत कर्मचारीहरुको मनोबल तथा उत्प्रेरणा अभिवृद्धि गर्न प्रोत्साहन स्वरुप खाजा खर्च प्रदान गर्ने व्यवस्थाको कार्यान्वयन गर्न प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं.१, प्रदेश सरकारले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "खाजा खर्च सम्बन्धी कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि प्रदेश सरकारले स्वीकृत गरेको मितिबाट लागू हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यालय" भन्नाले प्रदेश सभा सचिवालय, प्रदेश लोक सेवा आयोग, मुख्यन्यायाधिवक्ताको कार्यालय, प्रदेश योजना आयोग, प्रदेश सरकारका सबै मन्त्रालय, निर्देशनालय र मातहतका सबै सरकारी कार्यालयलाई सम्झनु पर्छ।

(ख) "कार्यालय समय" भन्नाले बैशाख १ गते देखि कात्तिक १५ गतेसम्म तथा माघ १६ गतेदेखि चैत मसान्तसम्म बिहान १०:०० बजेदेखि अपरान्ह ५:०० बजेसम्म र कात्तिक १६ गतेदेखि माघ १५ गतेसम्म बिहान १०:००

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

बजेदेखि अपरान्ह ४:०० बजेसम्म, शुक्रबारको दिन बिहान १०:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म कार्यालय हाजिर हुने र छुट्ने समयलाई जनाउँछ।

(ग) "खाजा खर्च" भन्नाले प्रदेश सरकारद्वारा प्रस्तुत गरिएको आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्यमा उल्लेख भए बमोजिम प्रदेशका कर्मचारीलाई कार्यालयमा उपस्थित भएको दिन एकसय रुपैंयाका दरले प्रदान गरिने खाजा खर्च सम्झनु पर्छ।

(घ) "तोकिएको कार्यसमय" भन्नाले कार्यालय समयबाहेकको समयसम्म वा चौविसै घण्टा सेवा प्रदान गरिने कार्यालयमा कर्मचारीलाई कार्यालय प्रमुखले काममा खटाइएको समयअवधि (ड्युटी सिफ्ट/तालिका) लाई सम्झनुपर्छ। सो शब्दले अस्पताल लगायत रोजाना र आकस्मिक सेवा प्रदान गर्ने कार्यालयमा सार्वजनिक बिदाका दिनमा काम गरेको समयलाई समेत जनाउँछ।

(ङ) "प्रदेशका कर्मचारी" भन्नाले प्रदेश नं.१का मन्त्रालय, आयोग, सचिवालय, निर्देशनालय लगायत सबै कार्यालयमा कार्यरत कर्मचारी सम्झनु पर्छ। सो शब्दले अस्थायी तथा सेवा करारमा रही प्रदेश अन्तर्गतका कार्यालयमा कार्यरत अन्य कर्मचारीलाई समेत जनाउँछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(च) "विद्युतीय हाजिरी" भन्नाले सरकारी एकीकृत डाटा केन्द्र (GIDC) मा आवद्ध भएको वा नेपाल सरकार वा प्रदेश सरकारले स्थापित गरेको वा नेपाल सरकार वा प्रदेश सरकारले मान्यता दिइएको कुनै सफ्टवेयरमा आधारित विद्युतीय हाजिरी प्रणाली सम्झनु पर्छ।

३. <u>खाजा खर्चको भुक्तानी प्रक्रिया:</u> (१) यस दफा बमोजिम प्रदान गरिने खाजा खर्चको भुक्तानी गर्दा कर्मचारीले कार्यालयमा हाजिर भई कार्यालय समयभरी वा तोकिएको कार्यसमयभरी कार्यालयमा रही कार्यसम्पादन गरेको दिनको मात्र प्रतिदिन प्रति कर्मचारी रु.एक सय उपलब्ध गराइनेछ।

(२) यस कार्यविधि बमोजिम खाजा खर्चको रकम कार्यालयको सम्बन्धित शीर्षकमा विनियोजन भएको रकमबाट तलब वा पारिश्रमिक भुक्तानी हुने प्रदेशका कर्मचारीलाई मासिक तलब वा पारिश्रमिक भुक्तानीसँगै उपलब्ध गराइनेछ।

(३) उपदफा (१) बमोजिमको भुक्तानीका लागि कार्यालयको प्रशासन शाखाबाट सिफारिस भएको विद्युतीय हाजिरीको प्रतिलिपि कार्यालय प्रमुखबाट प्रमाणित गराई राख्नुपर्नेछ। तोकिएको कार्यसमयमा काम गर्ने कर्मचारीहरुको ड्युटी रोष्टर बनाई कार्यालय प्रमुखले प्रमाणित गरी राख्नुपर्नेछ।

(४) खाजा खर्चको भुक्तानी प्रयोजनका लागि विद्युतीय हाजिरीलाई मात्र मान्यता दिइनेछ। कर्मचारी कार्यालयमा हाजिर भएको र कार्यालयबाट छुट्ने दैनिक समय खुल्ने गरी

आन्तरिक मामिला तथा कानून मन्त्रालय, पृष्ठ नं. ९

विद्युतीय हाजिरीको हार्डकपि प्रमाणित हुनुपर्नेछ। विद्युतीय हाजिरी नभएको अवस्थामा खाजा खर्च प्रदान गरिनेछैन। विद्युतीय हाजिरी नभएको निकायले वि.सं.२०७८ साल असोज १५ गतेभित्र अनिवार्य रुपमा विद्युतीय हाजिरीको व्यवस्था मिलाउनु पर्नेछ। उक्त अवधिसम्मको हाजिरीको हकमा कार्यालय प्रमुखले हाजिरी प्रमाणित गरी यस कार्यविधि बमोजिम खाजा खर्च उपलब्ध गराउन सकिनेछ।

तर, विद्युत पहुँच नभएको कारण तत्काल विद्युतीय हाजिरीको प्रयोग गर्न नसक्ने कार्यालयको हकमा कार्यालय प्रमुखले कर्मचारीको हाजिरी प्रमाणित गरी यस कार्यविधि बमोजिम खाजा खर्च उपलब्ध गराउन बाधा पर्ने छैन।

(५) बिदा लिएको अवस्थामा वा जुनसुकै कारणले पनि कार्यालयमा उपस्थित नभएको दिनको खाजा खर्च भुक्तानी दिइने छैन।

(६) दैनिक तथा भ्रमण भत्ता पाउने गरी काजमा खटिएको वा नियमानुसार फिल्ड भत्ता पाउने गरी फिल्डमा खटिएको अवस्थामा यस कार्यविधि बमोजिम खाजा खर्च प्रदान गरिने छैन। राशन वापतको सुविधा लिने कर्मचारीलाई यस कार्यविधि बमोजिम खाजा खर्च प्रदान गरिने छैन।

(७) यस कार्यविधि बमोजिम खाजा खर्च प्रदान गरिने कर्मचारीलाई कार्यालयको खर्चबाट व्यहोरिने गरी खाजा उपलब्ध गराइने छैन वा खाजा वापत कार्यालयमा दोहोरो खर्च लेख्न पाइने छैन।

(८) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि हलुका सवारी चालकलाई वा फिल्डमा खटिने कुनै

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

कर्मचारीलाई कार्यालयको कामको शिलशिलामा भ्रमण आदेश स्वीकृत नगरी वा दैनिक तथा भ्रमण खर्च उपलब्ध नहुने गरी काममा खटाइएको अवस्थामा कार्यालयमा एकपटक मात्र हाजिर भएको अवस्थामा कार्यालय प्रमुखले सो व्यहोरा खुलाईएको विद्युतीय हाजिरी विवरण प्रमाणित गरी खाजा खर्च उपलब्ध गराउन सकिनेछ।

(९) यस कार्यविधि बमोजिम उपलब्ध गराइने खाजा खर्च वापतको रकम खर्च शीर्षक २२७११ (विविध खर्च) मा कार्यालयको विनियोजित रकमबाट खर्च लेखिनेछ।

४. <u>अनुगमन तथा निरीक्षण:</u> खाजा खर्च उपलब्ध गराएको सम्बन्धमा कार्यालय प्रमुखले समय-समयमा अनुगमन तथा निरीक्षण गर्नुपर्नेछ।

५. <u>बाधा अड्काउ फुकाउने:</u> यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ आइपरेमा प्रचलित कानून तथा यस कार्यविधिको प्रतिकूल नहुने गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

६. <u>प्रचलित कानून बमोजिम हुने:</u> (१) यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम हुने छ। यस कार्यविधिमा स्पष्ट उल्लेख नभएको विषय प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यस कार्यविधिको विपरित हुने गरी कुनै कार्य गरेमा निजलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

७. संशोधन, खारेजी र बचाउः (१) प्रदेश सरकारले यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन गर्नेछ।

(२) प्रदेश सरकारले जुनसुकै बेला यस कार्यविधिको खारेजी गर्न सक्नेछ।

(३) यो कार्यविधि लागूहुनु अघि कार्यालयले आर्थिक वर्ष २०७८/७९ मा कार्यालय प्रमुखबाट हाजिर प्रमाणित गरी प्रदेशका कर्मचारीलाई रु. एक सयका दरले उपलब्ध गराएको खाजा खर्चलाई यसै कार्यविधि बमोजिम उपलब्ध गराएको मानिनेछ।

स्वीकृत मितिः- २०७८/०५/२३

आज्ञाले,
उत्तर कुमार खत्री
प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
website:- moial.p1.gov.np